नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## पाँचथर, फिदिम

पत्र सङ्ख्या -: २०७८/०७९
चलानी नं.

मिति २०७८।१०।०७

**विषय:- जिल्ला प्रशासन कार्यालय, पाँचथरबाट जारी आदेश।**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को नयाँ भेरियन्ट ओमिक्रोन सहितको संक्रमण नेपालमा समेत बढ्दै गएको सन्दर्भमा सोको रोकथाम, नियन्त्रण, निदान र उपचारलाई थप प्रभावकारी बनाउन नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७८।०९।३० गतेको निर्णयबाट जारी आदेश, संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी यस जिल्लामा मिति २०७८।१०।०७ गते राती १२:०० बजे देखि अर्को सुचना नभए सम्म लागू हुने गरी देहायको आदेश जारी गरिएको छ।

१. सबै प्रकारका आमसभा, जुलुस, भेला वा धेरै मानिस भेला हुने क्रियाकलाप संवत २०७८ साल माघ मसान्त सम्म संचालन नगर्ने।
२. गोष्ठी, सेमिनार, समीक्षा, बैठक जस्ता क्रियाकलापहरु संचालन गर्दा भर्चुअल माध्यमबाट गर्ने। भौतिक रुपमा उपस्थित भई गर्नु पर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी बढीमा २५ जना मात्र सहभागी हुने गरी संचालन गर्ने साथै संवत२०७८ साल माघ ७ गते पश्चात खोपको पुरा मात्रा लगाएका व्यक्तिहरु मात्र उपस्थित हुने गरी गर्ने।
३. सिनेमा हल, डान्सबार, दोहोरी, नाचघर, क्लब, हेल्थ क्लब, जिम खाना, स्विमिङ पुल, फुटसल, पटके हाटबजार र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम संवत २०७८ साल माघ १५ गतेसम्म संचालन नगर्ने/ नगराउने।
४. बिद्यालय, विश्वबिद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम वा अन्य प्रकारका शैक्षिक क्रियाकलाप संचलान गर्दा संवत २०७८ माघ १५ गतेसम्म भौतिक उपस्थितीमा नगरी भर्चुअल वा वैकल्पिक शिक्षण सिकाई विधिहरु अपनाई संचालन गर्ने।
५. विद्यालय, कलेजका पूर्व निर्धारित परीक्षा, जनशक्ति भर्नाका परिक्षा, वैदेशिक रोजगारी र अध्ययनका लागि संचालन गरिने विदेशी भाषा परीक्षा तथा चिकित्सा शिक्षाका सबै किसिमका प्रयोगात्मक कक्षा जनस्वास्थ्यका मापदण्ड पालना गरी संचालन गर्ने।
६. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलहरुमा जनस्वास्थ्यका मापदण्ड पालना गरी संवत २०७८ साल माघ मसान्तसम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने/ गराउने।
७. यही माघ ७ गते देखि जिल्ला भित्रका सबै सार्वजनिक निकायमा सेवा प्राप्त गर्न खोप कार्ड (मोबाईलमा फोटो भए पनि हुने) अनिवार्य गर्ने।

सुरेश न्यौपाने
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## पाँचथर, फिदिम

८. सपिङ मल, डिपार्टमेन्ट स्टोर, सुपर मार्केट वा अन्य प्रकारका पसल एक पटकमा २५ जना बढी हुन नहुने, कुनै पनि सामान अनावश्यक रुपमा नछुने, दुई व्यक्तिको बिचमा कम्तिमा दई मिटर दुरी कायम गर्ने, मास्क अनिबार्य गर्ने, पटक- पटक साबुन पानीले हात धुने वा सेनिटाईजर गर्ने गरि संचालन गर्ने। जनस्वास्थ्य सम्बन्धि मापदण्ड पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवस्थापक वा संचालकको हुने ।

९. पार्टी प्यालेसमा एक पटकमा कुल क्षमताको बढीमा एक तिहाईमा नबढ्ने गरी बढीमा पचास जना मात्र उपस्थित रहने तथा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी प्रमुख जिल्ला अधिकारीबाट पूर्व स्वीकृति लिई बिबाह, ब्रतबन्ध, न्वारन तथा पास्नी जस्ता धार्मिक, सांस्कृतिक, सामाजिक वा अन्य कार्यक्रम संचालन गर्ने।

१०. रङगशालामा दर्शकसहितको खेलकुद कार्यक्रम गर्दा एक पटकमा कुल क्षमताको एक तिहाई मात्र उपस्थित रहने गरी जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी संचालन गर्ने। उपस्थित दर्शकहरु मध्ये आयोजकको खर्चमा एक तिहाई दर्शकलाई रेन्डम छनोटको आधारमा एन्टिजेन परीक्षण गर्ने व्यवस्था मिलाउने । संवत २०७८ साल माघ ७ गते पश्चात त्यस्तो खेलकुद कार्यक्रममा खोपकार्डको आधारमा रङगशाला प्रबेश गर्न दिने।

११. धार्मिक वा सांस्कृतिक जात्रा, पर्व, बिबाह, न्वारान, पास्नी, ब्रतबन्ध, धार्मिक अनुष्ठान, मृत्यु संस्कार लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरु संचलन गर्दा पचास जना भन्दा बढी नहुने र जनस्वास्थ्यका मापदण्डको पालना हुने गरी मात्र संचालन गर्ने।

१२. माथि उल्लेख भए बाहेकका एक पटकमा पच्चीस जना भन्दा बढी जम्मा हुने क्रियाकलाप संचालन गर्नु परेमा प्रमुख जिल्ला अधिकारीको पूर्व स्वीकृति लिएर मात्र संचालन गर्ने।

१३. सार्वजनिक यातायात संचालन सम्बन्धमा देहाय बमोजिम गर्ने:-

क) सिट क्षमता भन्दा बढी यात्रु नराख्ने,

ख) सबै यात्रुलाई मास्क अनिवार्य गर्ने,

ग) सवारी साधनको ढोकामा र सबारी साधनभित्र यात्रुले प्रयोग गर्ने गरी सेनिटाईजरको व्यवस्था गर्ने,

घ) चालक तथा सहचालकले मास्क र फेससिल्ड लगाउनु पर्ने,

ङ) सवारी साधनलाई दैनिक रुपमा निसंक्रमित गर्नु पर्ने,

च) सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा पाँच रुपैया लिई मास्क उपलब्ध गराउनु पर्ने,

छ) मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रबेश गर्न नदिने,

सुरेश न्यौपाने
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## पाँचथर, फिदिम

ज) लामो दुरीमा चल्ने सार्वजनिक यातायातमा बीचबाटोमा थप यात्रु नचढाउने गरी शुरु गन्तव्यदेखि अन्तिम गन्तव्यसमम यातायात संचालन गर्ने र यात्रुहरुको बिवरण जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (डिसिएमसि) लाई उपलब्ध गराउने,

झ) लामो दुरीमा चल्ने सार्वजनिक यातायातका यात्रुहरुलाई सम्भव भएसम्म एन्टिजेन परीक्षण गर्ने व्यवस्था मिलाउने ।

१४. कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाईजर, मास्कको प्रयोग अनिवार्य गर्ने । कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा पाँच रुपैया लिई मास्क उपलब्ध गराउने । मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रबेश गर्न नदिने ।

१५. होटल तथा रेष्टुरेण्टले देहाय बमोजिमका मापदण्ड पालना गरी सेवा दिने:-

क) होटल तथा रेष्टुरेण्टका कामदारले अनिवार्य रुपमा मास्क, फेससिल्ड र पञ्जा लगाउने,

ख) होटल तथा रेष्टुरेण्टमा प्रबेश गर्ने सबै सेवाग्राहीहरुलाई मास्क अनिवार्य गर्ने,

ग) कुल क्षमताको आधा भन्दा बढी नहुने गरी कम्तीमा दुई मिटरको भौतिक दुरी कायम गर्नु पर्ने,

घ) सेनिटाईजरको व्यवस्था गर्नु पर्ने,

ङ) होटल तथा रेष्टुरेण्टलाई नियमित रुपमा निसंक्रमित गर्नु पर्ने,

च) होटल तथा रेष्टुरेण्टमा कुनै सेवाग्राही मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा पाँच रुपैया लिई मास्क उपलब्ध गराउनु पर्ने र मास्क नलगाउने व्यक्तिलाई होटल तथा रेष्टुरेण्टमा प्रबेश गर्न नदिने,

छ) संवत २०७८ साल माघ ७ गते पछि खोपको पूर्ण मात्रा लगाएका सेवाग्राहीहरुलाई मात्र खोप कार्डको आधारमा होटल तथा रेष्टुरेण्डमा प्रबेश गर्न दिने,

ज) होटलले चेकइन गर्दाको अवस्थामा वा चेकइन गरेको २४ घण्टामा आफ्नो होटलमा वास बस्ने प्रत्येक ग्राहकको एन्टिजेन परीक्षण गर्ने त्यसपछि प्रत्येक ७२ घण्टामा एन्टिजेन परीक्षण गर्ने सो को बिवरण डिसिएमसिलाई उपलब्ध गराउने ।

१६. राष्ट्रिय राजमार्गहरुमा संचालित होटेल तथा रेष्टुरेण्टहरुले बुँदा नं. १५ को खण्ड (छ) बाहेकका जनस्वास्थ्यका मापदण्डहरु पालना गरी भिडभाड नहुने व्यवस्था मिलाई आलोपालो गरी सेवा दिने ।

१७. सबै प्रकार व्यसायहरुको अग्रपंक्तिको काउन्टरमा रही काम गर्ने र ग्राहकहरुलाई नियमित सेवा दिने कर्मचारीको सम्बन्धित निकाय वा संस्थाले हप्ताको दुई पटक एन्टिजेन परीक्षण गराई रिपोर्ट नेगेटिभ आएका व्यक्तिलाई मात्र काममा खटाउने ।

१८. जुनसुकै सेवा वा क्षेत्रमा कार्यरत व्यक्तिमा कोभिड-१९ को लक्षण देखिएमा अनिवार्य रुपमा पाँच दिन क्वारेन्टिनमा बस्ने र ५ दिन पछी कोभिड-१९ परिक्षण गरी रिपोर्ट नेगेटिभ आएमा मात्र काममा आउने ।

सुरेश न्यौपाने
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

पाँचथर, फिदिम

१९. सार्वजनिक तथा निजी सेवा प्रदायकको सम्भव भएसम्म बिद्युतिय प्रणालीमार्फत सेवा प्रदान गर्ने व्यवस्था मिलाउने।

२०. नियमित रुपमा संचालन हुनु पर्ने स्वास्थ्य सेवाहरु जनस्वास्थ्यका मापदण्ड पालना गरी नियमित संचालन गर्ने।

२१. कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र र निगरानीका लागि आम नागरिकले देहायबमोजिम गर्ने:-

क) जनस्वास्थ्य मापदण्डको पूर्ण रुपमा पालना गर्ने,

ख) घर बाहिर निस्कदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, प्रयोग गरिएका विसर्जन गर्नु पर्ने मास्क बन्द डस्विन वा प्लास्टिक झोलामा बन्द गरी सुरक्षित साथ राखी पाँच दिन पछि मात्र विसर्जन गर्ने,

ग) घर तथा सार्वजनिक स्थानमा जथाभावी नथुक्ने र प्रयोग गरेका मास्क नफाल्ने,

घ) विदेशबाट नेपाल आउदा वा निकट सम्पर्कमा रही कन्टयाक्ट ट्रेसिङमा परेमा परीक्षणबाट नतिजा नेगेटिभ भएता पनि कम्तीमा पाँच दिन होम क्वारेन्टिनमा अनिवार्य रुपमा बस्ने,

ङ) पी. सी.आर. परिक्षणका लागि प्रयोगशालामा स्वाव दिएपछि नतिजा नआएसम्म बाहिर हिंडडुल, भेटघाट र बैठक नगर्ने।

च) स्थानीय तहमा क्वारेन्टिन र आइसोलेसनमा बसेका व्यक्तिलाई सक्दो सहयोग गर्ने,

छ) अन्य व्यक्तिले जनस्वास्थ्यका मापदण्ड पालना नगरेमा स्थानीय तह, स्थानीय प्रशासन, स्वास्थ्य संस्था, टोल सुधार समिति, उपभोक्ता समिति वा सम्बद्ध अन्य निकाय वा संस्थालाई यथाशिघ्र जानकारी गराउने।

ज) होम आईसोलेसनमा बसेका व्यक्ति स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थ्य सम्बन्धि कुनै समस्या भएमा तुरुन्तै नजिकको अस्पतालमा जाने,

झ) नेपाल सरकारले तोके बमोजिम कोभिड-१९ विरुद्धको खोप लगाउने।

२२. यस आदेशमा उल्लेख भए बाहेकका अन्य सेवा वा कार्यसंग सम्बन्धित निकाय, सार्वजिक, निजी, गैर सरकारी संघसंस्था, कलकरखानाले त्यस्तो सेवा वा कार्य संचालन गर्दा गराँउदा जनस्वास्थ्यका मापदण्ड पालना गर्नु गराउनु पर्ने।

२३. संस्थाको साधरण सभा वा बैठकमा भर्चुअल र भौतिक उपस्थितीलाई समेत गणपुरक संख्या माने।

२४. कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारका लागि नेपाल सरकारबाट भएको निर्णय र यस आदेशको पालना गराउन सबै राजनीतिक दल, स्थानीय तह, निजी क्षेत्र, नागरिक समाज, गैरसरकारी संस्था, संचारजगत र आमनागरिक सबैलाई आवश्यक सहयोग समन्वय एवं सहजिकरणको लागि अनुरोध छ।

सुरेश न्यौपाने
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

पाँचथर, फिदिम

२५. कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान र उपचारका लागि नेपाल सरकारबाट भएको निर्णयमा जिमेवारी तोकिएका निकायको कार्य सम्पादनमा आवश्यक सहयोग, सहजीकरण तथा अनुगमन गरिनेछ।

२६. आदेशमा लेखिए भन्दा भित्र कुनै आकस्मिक परिस्थिति सिर्जना भएमा नजिकको सुरक्षा निकाय वा एकाईमा जानकारी गराउनु हुन।

२७. यस आदेशको पालना गर्नु सबैको कर्तव्य हुनेछ। यस आदेशको अवज्ञा गर्ने वा आदेश कार्यान्वयनमा बाधा पुऱ्याउने व्यक्ति तथा संस्थालाई संक्रामक रोग ऐन, २०२० बमोजिम कारवाही र सजाय हुनेछ।

(सुरेश न्यौपाने)

प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालय, पाँचथर